भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नः ९८५६०१००४५
ईमेलः
bhimsenthapagaupalika@gmail.com
info@bhimsenmun.gov.np
website: www.bhimsenmun.gov.np

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाञ्चोक, गोरखा २०७३

पत्र संख्या:०७७/०७८

च. नं. ७१८

मिति:२०७७/०९/०२

बिषयः नियमन तथा आवश्यक कारवाही सम्बन्धमा ।

श्री ८ नं. वडा कार्यालय,
श्री प्रहरी चौकी बोर्लाङ्ग
भिमसेनथापा गाउँपालिका।

प्रस्तुत सम्बन्धमा जिल्ला प्रशासन कार्यालय गोरखाको च.नं. २७१८, मिति २०७७।०८।३० गतेको पत्र तथा सो पत्रासाथ संलग्न भिमसेनथापा गाउँपालिका वडा नं. ८ का लक्ष्मण थापाले दिनुभएको निवेदन (पाना संख्या:२) को छायाँ प्रति यसैसाथ संलग्न गरि पठाईएको छ। व्यहोरा सोही पत्र तथा निवेदनबाट अवगत भई आवश्यक अनुगमन गरी अवैध रुपमा ढुङ्गा/गिटी/वालुवाको उत्खनन भए/नभएको एकिन गरी अवैध उत्खनन् भएको पाईएमा तत्काल रोक लगाउने तथा सो सम्बन्धी जानकारी यस कार्यालयमा गराउने व्यवस्थाका लागी आदेशानुसार अनुरोध छ।

विवेक खनाल
अधिकृत छैटौं

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, गोरखा
श्री सूचना तथा प्रविधि शाखा- पत्राचार तथा website मा अपलोड को व्यवस्था हुन ।

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. - ०६४-४२०१३३
फ्याक्स नं. - ०६४४२०१८९
Email : dao.gorkha@gmail.com
URL : daogorkha.moha.gov.np

पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- २६१८

मिति :- २०७७/०८/३०

भिमसेन थापा गाउँपालिका
दर्ता : १४७८
मिति : २०७७।९।१

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री भिमसेनथापा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।

प्रस्तुत विषयमा गोरखा जिल्ला भिमसेनथापा गाउँपालिका वडा नं ०८ निवासी लक्ष्मण थापाले मिति २०७७ मंसिरमा दिएको निवेदनको छायाँ प्रति पाना संख्या २ (दुई) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । व्यहोरा सोही पत्रबाट अवगत गरी आवश्यक अनुगमन गरी अवैध रुपमा बालुवा/गिटी/ढुङ्गा उत्खनन भए गरेको भए तत्काल रोक लगाउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

हर्क बहादुर रोकाँ
प्रशासकीय अधिकृत.

बोधार्थ तथा कार्यार्थ:
श्री जिल्ला प्रहरी कार्यालय गोरखा: *सम्बन्धित पालिकासँग समन्वय गरी अवैध उत्खनन भए गरेको पाईएमा आवश्यक कारवाहीको लागि ।*

प्रशासकीय अधिकृत

श्री प्र० (अ. विवेक जी)
वडाहेडका प्रहरी चौकीहेडलाई
पत्राचार गर्ने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. - ०६४-४२०१३३
फ्याक्स नं. - ०६४४२०१८९
Email : dao.gorkha@gmail.com
URL : daogorkha.moha.gov.np

पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- २६१८

मिति :- २०७७/०८/३०

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री भिमसेनथापा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।

प्रस्तुत विषयमा गोरखा जिल्ला भिमसेनथापा गाउँपालिका वडा नं ०८ निवासी लक्ष्मण थापाले मिति २०७७ मंसिरमा दिएको निवेदनको छायाँ प्रति पाना संख्या २ (दुई) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । व्यहोरा सोही पत्रबाट अवगत गरी आवश्यक अनुगमन गरी अवैध रुपमा बालुवा/गिटी/ढुङ्गा उत्खनन भए गरेको भए तत्काल रोक लगाउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

०७/८/३०

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

बोधार्थ तथा कार्यार्थ:
श्री जिल्ला प्रहरी कार्यालय गोरखा: *सम्बन्धित पालिकासँग समन्वय गरी अवैध उत्खनन भए गरेको पाईएमा आवश्यक कारवाहीको लागि ।*

Scanned with CamScanner

श्री जिल्ला प्रशासन कार्यालय
गोरखा ।

श्री बूढी गण्डकी आयोजनाको कार्यालय,
गोरखा ।

विषयः अबैध बालुवा/गिट्टी/ ढुंगा उत्खनन् रोकी पाउ ।-

महोदय,

१. उपरोक्त सम्बन्धमा श्रीमान् समक्ष निवेदन गर्नुको कारण यो छ की म यस गाउपालिका अन्तरगत वडा नं. ८ को स्थायी बासिन्दा हुं । हालैको दशै विदाको समयमा म घर आई पुग्दा यस वडा अन्तरगत राङ्गदीघाट ईलाकामा दशै विदाको समयमा (२०७७ कार्तिक ५,६,७ गते) दिन तथा रातिको समयमा नियमित रुपमा अवैध तरिकाले बालुवा/गिट्टि/ढुंगा उत्खनन् भई विना राजश्व चोरी निकाशी भएको आशंका लागेकोले सचेत नागरिको हैसियतले तत्काल (२०७७कार्तिक ६ गते) १०० नम्वरमा फोन गरी जिल्ला प्रहरी कार्यालयलाई घटनाको वारे जानकारी गराएको । स्थानियहरुसंग बुझ्दा प्राय यस्ता अवैध बालुवा/गिट्टि/ढुंगा ओसारपसार यस भन्दा पहिले पनि भई रहने भनि बुझिएको । २०७७ कार्तिक ६ गतेको अन्दाजी १०३० बजेतिर मलाई बोर्लाङ्ग प्रहरी कार्यालयको मोवाईलबाट (९८५६०४३४९९) मलाई फोन आए पश्चात मैले घटनाको सम्बन्धमा सम्पुर्ण जानकारी गराएको भएता पनि प्रहरी कार्यालयले सूचना पाएर पनि तत्काल (कार्तिक १२ गतेसम्म) पट्रोल तथा गस्ति (न) नगरेको हुंदा कतै दशै विदाको मौका छोपी एकाध ब्यक्ति विशेषले स्वार्थ पूर्ति गर्ने बहानामा सार्वजनिक स्थालको बालुवा/गिट्टि/ढुंगा अवैध रुपमा चोरी निकाशी गर्नको लागि प्रहरी तथा सरकारी निकायहरुलाई समेत प्रभावमा पारी उक्त कार्य गरे/गराएको हुन सक्ने देखिएको । कार्तिक १३ गते पूनः जिल्ला प्रहरी कार्यालयलाई मैले खवर दिदा पनि प्रहरी गस्ति (न) नगरेको भनि खवर गरे पस्चात सोही दिन वेलुकी तिर बोर्लाङ्ग प्रहरीबाट गस्ति पठाएको र मलाई फोन मार्फत सम्पर्क गरेर बुझेको । त्यस ईलाकामा बालुवा/गिट्टि/ढुंगा उत्खन्नको लागि ठेक्का पट्टा भए/नभएको वारे बुझ्दा सोही वडामा रहेको बोर्लाङ्ग प्रहरी कार्यालयले समेत अनविज्ञता प्रकट गरेको र जनप्रतिनीधि मार्फत बुझ्नुस भने पश्चात मैले वडा सदस्य राजाराम दरैसंग सो बारे ठेक्कापट्टा (न) नभएको भनि निजबाट जानकारी पाएको । वडा भित्र विभिन्न ठाउमा बाटो बनाउने कुरा भएको हो तर सम्झौता हालसम्म (न) नभएको नदिजन्य सामाग्रीहरु आफुखुसी खसालेको सम्बन्धमा कुनै थाहा जानकारी नभएको भनि बुझे पश्चात वाटो समितिको अध्यक्षसंग समेत मैले सो बारेमा बुझ्दा बाटोको कुनै सम्झौता नभएको र माल मटेरीयलको सम्बन्धमा किन र कस्ले के उदेश्य राखी कति मुल्यमा झारेको हो थाहा जानकारी केही आफुलाई नभएको भनि बताएको । २०७७ कार्तिक ६ गते मैले जिल्ला प्रहरी कार्यालयमा फोन गरे पश्चात केही समय उक्त ईलाकामा त्यस्ता गतिविधिहरु एकाएक रोकीएको भएता पनि हालका दिनहरमा (राती तथा दिनमा समेत) पूनः नदिजन्य पदार्थहरुको चोरी निकासी गरी दोहन हुन थालेको देखिएको । एकाध शक्ति पहुचवाला ब्यक्तिहरुको ट्याक्टरबाट मात्र विना प्रतिस्पर्धा आफै मुल्य निर्धारण गरी सरकारी बजेटबाट आफैले मात्र काम गर्ने/गराउने उदेश्यका साथ सम्झौता पूर्व नै बाटो समितिको अध्यक्ष तथा सदस्यहरु कोही कसैलाई थाहा जानकारी (न) नदिई जनप्रतिनिधी वडा अध्यक्ष लगायतको मिलिभगतमा आफुखुसी सार्वजनिक स्थलको बालुवा/ढुंगाको दरभाउ मनलाग्दी आ-आफै तय गरी नेपाल सरकारको स्वामित्व भएको राष्ट्रीय गौरवको बुढी गण्डकी जलविद्युत आयोजनाले अधिकरण गरि सकेको सार्वजनिक स्थलको बालुवा/गिट्टि/ढुंगा सम्झौता पूर्व नै

श्री स. प्र. नि. अ.
अवैध रोक्न आवश्यक कार्वाही गर्ने
प्रहरी र स्थानीय पालिकालाई लेखी पठाउने

Scanned with CamScanner

एकाध विकास निर्माणको काम गर्ने बहानामा मालमटेरियल सार्वजनिक स्थालमा खसाल्ने हो भन्ने बहाना बनाइ अन्य करोडौ मुल्य पर्ने नदिजन्य खनिज पदार्थ चोरी निकासी हुन गरेको भन्ने जनगुनासो समेत रहेको हुंदा हाल उक्त स्थानबाट अवैध तरिकाले बालुवा/गिट्टि/ढुंगा लगायत अन्य नदिजन्य खनिज पदार्थ निकाल्ने काम तत्काल बन्द गरी ऐन, कानून, विधी, नियम, प्रकृया अनुसार वातावरणिय/बायुमण्डलिय असरलाई ध्यान दिई जलचर थलचर लगायत अन्य कोही कसैको अस्थित्वलाई असर नपर्ने गरी सम्बन्धित सवै पक्षहरुको (प्रशासन/पालिका/ बुढिगण्डकी जलविद्युत आयोजना लगायत अन्य सम्वद्ध पक्षहरु) प्रत्यक्ष रोहबरमा नियम प्रकृया मुर्याएर मात्र खानि दर्ता गरी ठेक्का कवोल बमोजिम नियमानुसार राजश्व संकलन गरेर मात्र बालुवा/गिट्टि/ढुंगा उत्खनन् गरी खानि सन्चालन गरियोस भनि यो निवेदन पेश गरेको छु ।

२. श्रीमानको जो आदेश ।

निवेदक
दस्तखत.....
नामथरः लक्ष्मण थापा
ठेगानाः भिमसेनथापा गा.पा-८ महादेवटार
सम्पर्क नम्वरः ९८४१-२८३९७०
मितिः २०७७ मंसिर गते ।

जानकारीः

श्रीमान् गाउपालीका प्रमुखज्यू,
श्री भिमसेनथापा गाउपालिका
खान्नचोक, गोरखा ।

Scanned with CamScanner